# गजुरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गजुरी, धादिङ
## बागमती प्रदेश, नेपाल

प.सं.: २०८३/०८४
च.नं.:

## बोलपत्र आह्वानको सूचना (हार्डकपी)

**दोस्रो पटक प्रकाशित मितिः २०८३/०६/२३**

यस कार्यालय अन्तर्गत तपसिल बमोजिमको कार्य अनुसार निर्माण हुने तपसिल बमोजिमको काम हार्डकपि मार्फत बोलपत्र (Hardcopy) माध्यमबाट कार्यान्वयन गराउनुपर्ने भएकोले सो सम्बन्धी कार्य गर्न इजाजत प्राप्त निर्माण व्यवसायी ले निम्न शर्तको अधिनमा रही रीतपुर्वक बोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्रको तपसिलमा उल्लेख गरे बमोजिमको नगद रकम (पछि फिर्ता नहुने गरी) यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकमा रहेको आन्तरिक राजस्व खाता नं. १०५०१००३०१०१०००२ मा जम्मा गरेको सक्कल भौचर तथा https://sutrarevenue.fcgo.gov.np मार्फत अनलाईन भुक्तानी गरेको भौचर समयावधि भित्र बुझाउनु पर्नेछ ।

२. सम्बन्धित ठेक्काको Bid documents यस गाउँपालिकाको आधिकारिक वेबसाइटः https://gajurimun.gov.np/public-procurement-tender-notices मार्फत डाउनलोड गरी प्रिन्ट गर्न सकिनेछ ।

३. बोलपत्र पेश गर्दा आ.व. २०८३/०८४ को लागि नवीकरण भएको व्यवसायको इजाजतपत्र, प्यान/भ्याट दर्ता प्रमाणपत्र, आ.व. ०८१/०८२ सम्मको आयकर चुक्ताको प्रमाणपत्रको प्रतिलिपिहरू, संलग्न Bid documents मा रहेको ढाँचामा Letter of Bid, उल्लेखित म्याद र रकम बमोजिमको बोलपत्र जमानत/धरौटी खातामा जम्मा भएको सक्कल भौचर, Power of Attorney र स्वघोषणा पत्र पेश गर्नुपर्नेछ।

४. बोलपत्रको BOQ भर्दा प्रत्येक आइटम स्पष्टसँग भरी, निर्माण व्यवसायीले प्रत्येक पानामा सही छाप र सिलबन्दी गरी खाम बाहिर फर्मको नाम ठेगाना र ठेक्का नं र विवरण लेखी उल्लेखित समयभित्र स्वयं/प्रतिनिधि उपस्थित भई तथा हुलाक/कुरियर मार्फत कार्यालयमा दर्ता गरिसक्नुपर्नेछ । यस कार्यालयमा दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरू सोही दिनको दिउँसो १:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. बोलपत्र फारामसाथ धरौटी बापत यस कार्यालयको नाममा जारी भएको कम्तिमा बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि १२० दिन म्याद भएको, मान्यता प्राप्त बैंकबाट बैंक ग्यारेन्टी (बिड बण्ड) शर्तरहित पेश गर्नुपर्नेछ ।

६. बोलपत्र दर्ता गर्ने फर्महरूले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझी, हेरी साइट निरीक्षण गरी बोलपत्र भरेको मानिनेछ ।

७. कार्यालयको हितलाई ध्यानमा राखी कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने, नगर्ने, वा आंशिक रूपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८. बोलपत्रमा आवश्यक कुनै संशोधन भएमा राष्ट्रिय स्तरको दैनिक समाचारपत्र, गाउँपालिकाको वेबसाइट https://gajurimun.gov.np/public-procurement-tender-notices तथा सामाजिक सञ्जालमा हेर्न सकिनेछ ।

९. प्रचलित ऐन नियम अनुसार लाग्ने सम्पूर्ण करहरू बोलपत्रदाताले स्वयंले व्यहोर्नुपर्नेछ ।

१०. बोलपत्र दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सो पछि कार्यालय खुलेको दिन उल्लेख भएको समयमा बोलपत्र दर्ता र खोल्ने काम हुनेछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

११. एक फर्मको नाममा राजस्व दाखिला गरिएको बोलपत्र कागजात अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाइने छैन ।

१२. बोलपत्र भर्दा दररेट स्पष्ट रूपमा अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ । उल्लेखित अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

१३. अन्य विषयहरूको हकमा सम्बन्धित Bid document, सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ को पछिल्लो संशोधन बमोजिम हुनेछ ।

तपसिल

| Contract ID | Name of Project | Estimated amount (including VAT) | Bid Security (NRs) | Fee for Bid Documents (NRs) | Deadline |
|---|---|---|---|---|---|
| GRM/W/NCB /03/2083/084 | Risthabote-Siudini-Sagarbhanjyang Road Upgrading in Gajuri 8 | 1,94,73,227.53 | 5,00,000/- | 3,000/- | October 30, 2026, 12:00pm |
| GRM/W/NCB/ 02/2083/084 | Strengthening of Sadikhola-Manebhanjyang-Deurali Road in Gajuri 5 | 1,55,89,328.68 | 4,00,000/- | 3,000/- | October 30, 2026, 12:00pm |

अमृत प्रसाद पौडेल
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत